भोक्राहा नरसिंह गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ सङ्ख्याः १ मितिः२०८०/०२/२१

## भाग -२

### भोक्राहा नरसिंह गाउँपालिका

करारमा शिक्षक तथा कर्मचारी छनौट कार्यविधि -२०८०

आज्ञाले

नामः सुवर्ण घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

# करारमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि -२०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०२/१६

प्रमाणीकरण मिति २०८०/०२/१९

लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार,शिष्टाचार तथा नैतिक चरित्रवान नागरिक तयार गर्न यस गाउँपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरूको व्यवस्थापनमा सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षा विकास गर्न वाञ्छनीय भएकाले भोक्राहा नरसिंह गाउँपालिकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रमसंख्या ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ३ को खण्ड ज र १०२ को उपदफा २ को व्यवस्था बमोजिम सामुदायिक विद्यालयको स्वीकृत दरवन्दी, लियन, राहत अनुदान, पालिका अनुदान, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी कर्मचारी तथा अन्य अनुदानमा करारमा शिक्षक तथा कर्मचरी नियुक्ति सम्बन्धी कार्यलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले भोक्राहा नरसिंह गाउँपालिका शिक्षा ऐन २०७८ (संशोधन सहित) को दफा ५४ को उपदफा ३ र दफा १०५ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ विद्यालय सहयोगी तथा सहायक कर्मचारी छनौट कार्यविधि - २०८० तयार गरी लागु गरेको छ ।

प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम करारमा शिक्षक तथा कर्मचारी छनौट कार्यविधि -२०८० रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाई सम्झनुपर्दछ ।

ख) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

ग) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्नेछ ।

घ) "ऐन" भन्नाले भोक्राहा नरसिंह गाउँपालिका शिक्षा ऐन, २०७८ सम्झनुपर्छ

ङ) "नियमावली" भन्नाले शिक्षा नियमावली २०५९ (संशोधन सहित) तथा शिक्षक सेवा आयोग नियमावली २०५७ ( संशोधन सहित) लाई सम्झनु पर्दछ, ।

च) "माध्यमिक तह " भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म पढाई हुने विद्यालय सम्झनु पर्छ ।

छ) "आधारभूत तह" भन्नाले कक्षा १ देखि कक्षा ८ सम्म पढाइ हुने विद्यालय सम्झनु पर्छ ।

ज) "पूर्व प्राथमिक विद्यालय" भन्नाले ४ वर्ष उमेर पूरा गरेका बालवालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

झ)"शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ, सो शब्दले प्रधानाध्यापकसमेतलाई जनाउँछ।

ञ) "कर्मचारी" भन्नाले विद्यालय प्रशासन, लेखा प्रशासन, विद्यालय नर्स, लाइवेरियन, कम्प्युटर अपरेटर, प्रयोगशाला सहयोगी, विभिन्न प्रशिक्षकहरू तथा कार्यालय सहयोगी समेतलाई सम्झनु पर्छ ।

ट) "स्थानीय सरकार" भन्नाले भोक्राहा नरसिंह गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ठ) "अध्यक्ष" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्दछ ।

ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ढ) "शिक्षा शाखा" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाको शिक्षा शाखालाई सम्झनुपर्छ ।

ण) "शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा शाखाको जिम्मेवारी सम्हाल्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

त) "विद्यालय व्यवस्थापन समिति" भन्नाले ऐनको दफा २६ बमोजिम गठन भएको समिति सम्झनुपर्छ ।

थ) "शिक्षक" भन्नाले स्वीकृत दरवन्दी, राहत अनुदान, पालिका अनुदान तथा अन्य अनुदान र लियनमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

द)"विशेषज्ञ" भन्नाले सम्बन्धित विषय एवम् तहमा न्युनतम पाँच वर्ष स्थायी सेवाअवधि पूरा गरेका र शिक्षा विकास तथा समन्वय इकाइ-सुनसरी वा यस गाउँपालिकामा विषेशज्ञ सूचीमा सूचीकृत भएका शिक्षकहरूलाई सम्झनुपर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

# परिच्छेद-२

## पदपूर्ति र छनोट प्रकृया

**३. शिक्षक छनौट सम्बन्धी व्यवस्था**

(क) सामुदायिक विद्यालयमा शिक्षक पद रिक्त भएमा विद्यालयले रिक्त भएको तह, श्रेणी र विषय खोली पन्ध्र दिनभित्र वि.व्य.स.को निर्णयसहित पदपूर्तिका लागि गाउँपालिका शिक्षा शाखामा माग गर्नुपर्नेछ ।पन्ध्र दिनभित्र माग भइ नआएमा गाउँपालिकाले आफ्नो अभिलेखका आधारमा पदपूर्ति प्रकृया सञ्चालन गर्नेछ ।

(ख) उपदफा (१) बमोजिम रिक्त विवरण प्राप्त भएपछि वा गाउँपालिकाले रिक्त पद यकिन गरेपछि सो पदमा पदपूर्ति गर्न गाउँ शिक्षा समितिबाट निर्णय गरी रिक्त पदमा तह, श्रेणी र विषय खोली १५ दिनको म्याद राखी शिक्षा ऐनको दफा ५५ को उपदफा ५बमोजिम विज्ञापन प्रकाशित गर्नुपर्ने छ ।

(ग) विज्ञापनको म्याद समाप्त भएपछि ऐनको दफा ५४ बमोजिमको शिक्षक छनोट समितले शिक्षक छनोट प्रकृया पूरा गरी सफल उमेद्वारलाई नियुक्ति पत्र दिइ हाजिरीका लागि पद रिक्त रहेको विद्यालय तोकी पठाउने छ ।

(घ) उपनियम (ग) बमोजिम नियुक्ति पाइ आएको शिक्षकलाई हाजिरी गराइ सो को जानकारी प्रधानाध्यापकले गाउँपालिकालाई गराउनु पर्नेछ ।

**४. छनोट प्रक्रियाः**

(१) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रमअनुसार परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(२) लिखित परीक्षा र अन्तरवार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट समितिले सफल उम्मेदवारको रुपमा करारमा नियुक्ति गरी हाजिरीको लागि रिक्त रहेको विद्यालय तोकी पठाउने छ ।

(३) शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोके वमोजिमको संख्यामा वैकल्पिक उम्मेदवार छनोट गर्नुपर्नेछ।

(४) ऐनको दफा ५४ बमोजिम छनोट समितिमा विशेषज्ञ छनोट गर्दा गाउँपालिका वा शिक्षा विकास तथा समन्वय इकाइ सुनसरीमा सूचिकृत भएका विशेषज्ञ मध्येबाट परीक्षा सञ्चालन हुने अघिल्लो दिन गोपनियता कायम हुनेगरी शिक्षा शाखाबाट छनोट गर्नुपर्नेछ ।

(५) छनोट समितिमा गाउँ शिक्षा समितिका अध्यक्ष वा निजले तोकेको समितिको सदस्य पर्यवेक्षकका रुपमा रहन सक्नेछन्।

२०८०/२/१३
प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद ३ - विशेषज्ञसम्बन्धी व्यवस्था

गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
कोशी प्रदेश, नेपाल

**५. विशेषज्ञ सूचीकरण प्रक्रियाः**

(क) ऐनको दफा ५४ बमोजिमको कार्य गर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले गाउँपालिकाले सूचना प्रकाशित गरी तोकेको अवधिभित्र निवेदन दिनुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिम सूचना प्रकाशित गर्दा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु र निवेदन दस्तुर समेत तोकिनेछ ।

(ग) शिक्षा शाखाले उपदफा (क) र (ख) बमोजिम निवेदन दिएका शिक्षकहको निवेदन छानबिन गरी प्राथमिक निम्न माध्यमिक र माध्यमिक तहका लागि छुट्टा छुट्टै विशेषज्ञ सूची प्रकाशित गर्नेछ ।

(घ) उपदफा (ख) बमोजिम सूची प्रकाशन गर्दा निम्न माध्यमिक र माध्यमिक तहका लागि विशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ ।

६. विशेषज्ञको योग्यताः विशेषज्ञ हुन देहायको योग्यता हुनुपर्नेछ ।

क) सम्बन्धित तहमा स्थायी सेवा अवधि न्युनतम पाँच वर्ष पूरा भएको

ख) प्राथमिक तहका लागि स्नातक वा सो सरह उतीर्ण गरेको

ग) निम्न माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरेको

घ) माध्यमिक तहका लागि स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको।

## परिच्छेद ४ - करार नियुक्ति

**७. करारमा शिक्षक नियुक्तिः**

करार शिक्षक छनौट समितिबाट सिफारिस भएको सफल उम्मेदवारलाई गाउँ शिक्षा समितिको निर्णयबा ७ (सात) दिन भित्र करार सम्झौता गरी/गराइ बढीमा एक वर्ष वा एक आर्थिक वर्षको लागि नियुक्ति दिनु पर्नेछ ।यसरी गरिएको नियुक्तिलाई गाउँ कार्यपालिकाको निर्णबाट सदर गराउनु पर्ने छ ।

(ख) यो कार्यविधि अनुसार करारमा नियुक्त भएका शिक्षकहरूको हकमा एक वर्षभित्र वैकल्पिक व्यवस्था नभएमा शिक्षा समितिको निर्यणबाट पुनः एक वर्ष म्याद थप गर्न सकिने छ ।

ग) गाउँपालिकाले करारमा शिक्षक नियुक्ति गरेको जानकारी अभिलेख व्यवस्थापनका लागि शिक्षा विकासतथा समन्वय इकाइमा समेत दिनुपर्नेछ ।

घ) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्ति भै आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै बेला सेवाबाट अवकास हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

८. वैकल्पिक उम्मेदवारले नियुक्ति पाउनेः

(क) सफल उम्मेदवारले सिफारिस भएको मितिले सात दिनभित्र करार नियुक्ति लिई विद्यालयमा हाजिर हुनुपर्नेछ ।

(ख) उपदफा (क) बमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिई हाजिर नभएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइनेछ ।

९. स्वयंसेवक शिक्षक सम्बन्धी व्यवस्थाः

(क) प्रसुती विदा वा अन्य कुनै प्रकारको लामो विदा वा कार्यरत शिक्षक अशक्त भएमा कार्यरत शिक्षकको सट्टामा विद्यालय व्यवस्थापन समितिले विद्यालयको पठनपाठनमा असर नपर्ने गरी स्वयंसेवक शिक्षक छनोट गरी पठनपाठनको व्यवस्था मिलाउन सक्नेछ ।

(ख उपदफा (क) बमोजिम नियुक्त शिक्षकलाई विद्यालय व्यस्थापन समितिले स्रोत सुनिश्चित गरी निश्चित रकम अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछ ।

१०.विद्यालय सहायक तथा सहयोगी कर्मचारी छनौट सम्बन्धी व्यवस्था :

१०.१. विद्यालयले विद्यालय सहायक तथा सहयोगी कर्मचारी पद रिक्त रहेको सात दिन भित्र पद रिक्त भएको कारण खुलाइ विद्यालय व्यवस्थापन समितिको निर्णयसहित गाउँपालिकामा सात दिनभित्र विद्यालय सहायक तथा सहयोगी कर्मचारी नियुक्तिका लागि अनुमति माग गर्नु पर्नेछ ।

१०.२. गाउँपालिकाबाट अनुमति प्राप्त भएपछि विद्यालय सहायक तथा सहयोगी कर्मचारी पदपूर्तिका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयले १५ दिनको म्याद राखी गाउँपालिका,गाउँ शिक्षा शाखा,सम्बन्धित वडा कार्यालय,सम्बन्धित विद्यालय वा स्थानीय पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना टाँस गरेको मुचुल्का तयार गर्नु पर्नेछ ।

१०.३. यसरी प्राप्त भएका निवेदनहरू मध्येबाट छनोटका लागि विद्यालय सहायक तथा सहयोगी कर्मचारी छनौट समिति गठन गरी आवश्यक प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

१०.४. यसरी दफा ४ बमोजिम विद्यालय सहायक तथा सहयोगी कर्मचारी पदमा निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता,तालिम,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि तथा व्यक्तिगत विवरण (CV) निवेदन साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

१०.५. यस कार्यविधि बमोजिम नियुक्त गरेका विद्यालय कर्मचारीहरूको व्यक्तिगत विवरण सम्बन्धित विद्यालय तथा गाउँ शिक्षा शाखामा अभिलेखिकरण गर्नु पर्नेछ ।

१०.६. यसरी विद्यालय सहायक तथा सहयोगी कर्मचारी नियुक्ति गरिएको दरबन्दीमा नेपाल सरकार वा शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भइ आएमा स्वत अवकाश हुनेछ ।

१०.७ यस कार्यविधि बमोजिम प्रक्रिया नपुर्याई विद्यालय कर्मचारी नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी नियुक्ति गर्ने अधिकारीलाई प्रचलित ऐन,कानून बमोजिम कारवाही गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१०.८. विद्यालय सहायक तथा सहयोगी कर्मचारीहरूको परीक्षा शुल्क, तथा छनौट समितिका पदाधिकारीहरूको पारिश्रमिक र बैठक भत्ता व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

१०.९. उम्मेदवारले आवेदन सम्बन्धित विद्यालयले तोकेको स्थान र समयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ४

### ११. विद्यालय कर्मचारी छनोट तथा सिफारिस समिति :

११.१ सामुदायिक विद्यालयमा विद्यालय सहायक तथा सहयोगी कर्मचारी नियुक्तिका लागि देहाय बमोजिमको एक छनौट समिति गठन गरिनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख) गाउँ पालिका शिक्षा शाखाको प्रमुख वा प्रतिनिधि -सदस्य

ग) विषय विज्ञबाट गाउँ शिक्षा प्रमुखले २४ घण्टा अगाडि मनोनित गरेका बढीमा २ जना सम्बन्धित विषयका विशेषज्ञ -सदस्य

घ)सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

११.२ उप दफा ११.१ (ग) अनुसारको विज्ञ सूचि गाउँ शिक्षा शाखाबाट देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाले प्रत्येक वर्ष चैत्र मसान्तभित्र सूचना प्रकाशन गरी विषय विज्ञहरूको निवेदन माग गर्नेछ र सो सूचि गाउँ शिक्षा समितिले अनुमोदन गरेपछि २ वर्ष सम्म कायम रहनेछ ।

ख) विषय विज्ञहरूको रुपमा सूचिकृत हुन चाहने इच्छुक व्यक्तिले यसै कार्यविधिले निर्धारण गरेको पाठ्यक्रम अनुसारका २ / २ प्रति उत्तरकुञ्जिका सहितका प्रश्नपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

ग) सूचिकृत विषय विज्ञ सम्बन्धित विद्यालयको करार शिक्षक छनोट समितिमा विज्ञ मनोनित हुन पाइने छैन ।

घ) गाउँपालिकाको कुनै पनि विषयको विज्ञ सूचिमा दुई वा दुई भन्दा कम भएमा मात्र अन्यत्रबाट विज्ञ लिइनेछ ।

११.३. उपदफा ११.२. (क) बमोजिम सूचिकृत हुने विषय विज्ञहरूको योग्यता देहाय बमोजिम हुनेछ ।

क) आधारभूत तह कक्षा १-८ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरी ५ वर्ष स्थायी सेवा गरेको,

ख) माध्यमिक तह कक्षा ९-१२ का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा तथा व्यवस्थापन विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण सम्बन्धितको क्षेत्रमा ५ वर्ष स्थायी सेवा गरेको,

ग) अवकाश प्राप्त व्यक्तिको हकमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरी अवकाश पाएको,

घ) शिक्षा सेवाको अधिकृत तहमा कम्तिमा ५ वर्ष सेवा गरेका कार्यरत वा सेवा निवृत्त भएको,

ङ) विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा कम्तिमा ५ वर्ष सेवा गरेका वा सेवा निवृत्त अध्यापक,

११.४. उपदफा ११.१. ग) बमोजिम मनोनित सदस्यको पदावधी सो छनोट कार्य पुरा नहुँदा सम्म कायम रहनेछ ।

११.५. शिक्षक छनोट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

११.६. विद्यालय सहायक तथा सहयोगी कर्मचारी छनौटका लागि लिईने परीक्षा केन्द्र गाउँपालिकाले तोक्न सक्नेछ ।

११.७. आयोगले विद्यालय सहायक तथा सहयोगी कर्मचारी छनोट सम्बन्धी मापदण्ड वा कार्यविधि बनाई लागु गरेमा सोही बमोजिम हुनेछ ।

११.८. बैठक सम्बन्धी मापदण्ड समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**१२. विद्यालय कर्मचारीको उमेद्वार बन्नका लागि चाहिने शैक्षिक योग्यता तथा तालिम :**

१२.१. विद्यालय सहायक तथा सहयोगी पदमा उम्मेदवार हुनका लागि देहाय बमोजिमको न्युनतम शैक्षिक योग्यता हुनुपर्नेछ ।

क) आधारभूत तह (कक्षा १-५) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण वा SEE मा न्यूनतम १.६ GPA प्राप्त ।

ख) आधारभूत तह (कक्षा ६-८ ) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा १०+२ मा १.६ GPA प्राप्त ।

ग) माध्यमिक तह (कक्षा ९-१२) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा तथा व्यवस्थापन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण र आधारभूत कम्प्युटर तालिम प्राप्त ।

घ) विद्यालय प्रशासन, विद्यालय नर्स, लाइबेरियन, कम्प्युटर अपरेटर, प्रयोगशाला सहयोगी, विभिन्न शिक्षकहरू जस्ता पदको लागि सेवासँग सम्बन्धित योग्यता तथा तालिम प्राप्त गरेको,

## परिच्छेद - ५

**१३.उम्मेद्वारका लागि आवश्यक योग्यता :**

१३.१. देहायका व्यक्तिहरू विद्यालय सहायक र सहयोगी कर्मचारी पदमा नियुक्त हुनका लागि योग्य हुने छन्

क) नेपाली नागरिक,

ख) १८ वर्ष उमेर पुगेको,

ग) ४० वर्ष उमेर पूरा नभएको,

घ) मगज नबिग्रेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

च) भविष्यमा सरकारी नोकरी वा सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको,

१३.२. देहायका व्यक्तिहरू करार कर्मचारी पदमा नियुक्त हुनका लागि योग्य हुने छैनन्

क) गैर नेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेको,

ग) ४० वर्ष उमेर पुरा भएको,

घ) मगज बिग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

प्रमुख प्रशासकिय अधिकृत

च) भविष्यमा सरकारी नोकरीका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको,

छ) सेवा संग सम्बन्धित तोकिएको शैक्षिक योग्यता र तालिम नभएको,

## परिच्छेद - ६

### १४. परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

१४.१. विद्यालय सहायक तथा सहयोगी कर्मचारी पदको छनोटका लागि लिखित, मौखिक तथा आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा सञ्चालन गरिनेछ ।

१४.२. विद्यालय सहयोगी कर्मचारी पदको लिखित परीक्षाको पाठ्यक्रम यसै कार्यविधिको अनुसूचि १ मा तोकिएबमोजिम हुनेछ ।

क) उपदफा ७.२ बमोजिम सञ्चालन हुने परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ४० अङ्क हुनेछ ।

१४.३. विद्यालाय सहायक कर्मचारीको पदको लिखित परीक्षाको पाठ्यक्रम, यसै कार्यविधिको अनुसुचि २ मा तोकिएबमोजिम हुनेछ

१४.३.१ सहायक कर्मचारीको प्रथम चरण विषयगत परीक्षाको पूर्णाङ्कको १०० र उत्तीर्णाङ्क ४० अंक हुनेछ । यसरी सञ्चालन हुने लिखित परीक्षा ३ घण्टाको हुनेछ । प्रथम चरणको परीक्षामा उत्तीर्ण हुने उमेद्वारलाई मात्र दोस्रो चरणको कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सामेल गराइनेछ ।

१४.३.२.क प्रयोगात्मक परीक्षाको पूर्णाङ्कक १५ र उत्तीर्णाङ्क ७.५ हुनेछ। यसरी सञ्चालन हुने प्रयोगात्मक परीक्षा ३० मिनेटको हुनेछ ।

ख) पहिलो र दोस्रो चरणको परीक्षामा उत्तीर्ण भइ सबै भन्दा बढी अंक प्रास गर्ने उम्मेदवारहरूको नाम वर्णानुक्रमका आधारमा प्रकाशन गरिने छ ।

१४.३.३. सहायक कर्मचारीको अन्तर्वार्ता २०/२० अंकको हुनेछ ।

क) सहयोगी पदको लागि प्रयोगात्मक परीक्षा अनिवार्य हुने छैन ।

ख) विद्यालय सहायक तथा सहयोगी कर्मचारीको अन्तर्वार्ताको अंक देहाय बमोजिम दिइनेछ ।

अ) शैक्षिक योग्यता बापत ५ अङ्क

(आ) सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ३ अंक, द्वितीय श्रेणी वा श्रेणी नखुलेको भए २ अंक र माथिल्लो शैक्षिक योग्यता बापत प्रथम श्रेणी भए २ अंक, द्वितीय श्रेणी वा श्रेणी नखुलेको भए १ अंक प्रदान गिरनेछ ।

(इ) अन्तर्वार्ता बापत व्यक्तित्व ३ अङ्क, हाउभाउ २ अङ्क, प्रस्तुतिको शैली ३ अङ्क, विषयवस्तुको ज्ञान ७ अङ्क गरी १५ अङ्को हुनेछ ।

(ई) अन्तर्वार्ता वापतको १५ अंक छनोट समितिका घटीमा ३ जना बढीमा ५ जनासम्मले गरेको मूल्याङ्कनलाई जोडेर औषत अंक निकालिनेछ । यसरी दिईने अंक घटीमा ३५ प्रतिशत र बढीमा ७० प्रतिशतसम्म दिईनेछ यदि सोभन्दा घटी वा बढी दिनु परेमा कारण खुलाउनु पर्नेछ ।

१४.३.४. अन्तर्वार्ता सकिनासाथ सबै खण्डको प्राप्ताङ्क जोडी सबैभन्दा बढी अंक ल्याउनेलाई सफल उम्मेदवार र बाँकी उम्मेदवारमध्ये क्रमशः बढी अंक प्रास गर्ने २ जनासम्म वैकल्पिक उम्मेदवारका रुपमा

प्रशासकीय अधिकृत

अन्तिम नतिजा प्रकाशन गरी सफल उम्मेद्वारलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नुपर्ने छ ।

परिच्छेद - ७

१५.नियुक्ति सम्बन्धमा :

१५.१. विद्यालय सहायक तथा सहयोगी कर्मचारी छनौट समितिबाट सिफारिस गरेको सफल उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले ७ (सात) दिन भित्र करार सम्झौता गरी बढीमा एक वर्ष वा एक आर्थिक वर्षको लागि नियुक्ति दिनु पर्नेछ ।

१५.२. सिफारिस भएको मुख्य उम्मेदवार नियुक्ति बुझेको मितिले ७ (सात) दिन भित्र विद्यालयमा हाजिरनभए व्यवस्थापन समितिले वैकल्पिक उमेद्वारलाई नियुक्ति दिनेछ ।

१६. उजुरी सम्बन्धी व्यवस्था:

क) करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी विषयमा चित्त नबुझेमा उम्मेद्वारले ३५ दिन भित्रमा कारण र आधार खोली सम्बन्धित निकायमा उजुरी दिन सक्नेछन ।

१७. पारिश्रमिक सम्बन्धी व्यवस्था:

छनोट समितिमा रहने सदस्यहरुले गाउँपालिकाको आर्थिक व्यवस्थापन कार्यविधिले तोके बमोजिमको पारिश्रमिक पाउने छन् ।

१८. यस कार्यविधि बमोजिम हुने:

यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

१९. कार्यविधिको व्याख्या : यो कार्यविधिको व्याख्या गाउँ कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

## अनुसूची-१

**१. सहयोगी कर्मचारीको लिखित परीक्षाको पाठ्यक्रम तथा क्षेत्रगत अङ्क विभाजन**

क. समसामयिक विषयवस्तु:- ३० अङ्क

ख. स्थानीय विषयवस्तु:- २० अङ्क

ग. विद्यालय शिक्षासँग सम्बन्धित:- २० अङ्क

उल्लिखित विषय क्षेत्रबाट प्रतिप्रश्न २ अङ्क भारका दरले ३५ वटा बहुवैकल्पिक प्रश्नबाट ७० अङ्कको सोधिने छ ।

२. अन्तर्वार्ता वापत:- २५ अङ्क

३. न्युनतम शैक्षिक योग्यताबापत प्रथम श्रेणी भए ३ अङ्क र द्वितीय वा श्रेणी नखुलेको भए २ अङ्क प्रदान गरिने छ ।

४. सहयोगी कर्मचारी छनोट परीक्षाको वस्तुगत प्रश्नपत्रको समयावधि ४० मिनेट हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची- २

### विद्यालय सहायक कर्मचारी (लेखापाल) पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

पाठ्यक्रमको रुपरेखाः संयुक्त तथा एकिकृत परीक्षा प्रणालीको आधारमा निम्न अनुसारको हुनेछ ।

| | | |
|---|---|---|
| भाग-१ प्रथम चरणः | लिखित परीक्षा (विषयगत) | पूर्णाङ्कः १०० |
| | | समयः ३ घण्टा |
| भाग - २ अन्तिम चरणः | कम्प्यूटर सीप परीक्षण (अंग्रेजी तथा नेपाली प्रयोगात्मक) | पूर्णाङ्कः — १५ |
| | | समयः ३० मिनेट |
| | अन्तर्वार्ता (मौखिक) | पूर्णाङ्कः — २० |

### विषयगत परीक्षाको पाठ्यक्रम

पूर्णाङ्कः १००

उत्तीर्णाङ्कः ४०

समयः ३ घण्टा

| क्र. सं. | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १. | लेखाका अवधारणाः लेखाविधि तथा लेखापालनको अर्थ, उद्देश्य, कार्य, महत्व, क्षेत्र, लेखाविधिका प्रक्रिया वा चक्र, लेखाविधिका सिद्धान्त तथा नैतिक मान्यताहरु | १ | १० |
| २. | पत्र व्यवहारः परिचय, उद्देश्य, असल चिठीपत्रका गुण, चिठीपत्रका नमूनाहरु, दर्ता तथा चलानी, सूचना, परिपत्र, तोक आदेश, टिप्पणी लेखन, प्रतिवेदन लेखन | १ | १० |
| ३. | अभिलेख व्यवस्थापनः अभिलेखको परिचय, उद्देश्य, महत्व, अभिलेखका प्रकार \| र अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग, पत्रसङ्ग्रह (फाइलिङ) को परिचय, आवश्यकता, विधि एवम् तरिकाहरु, पुस्तकालय व्यवस्थापन | १ | १० |
| ४. | श्रेस्ता प्रणालीः दोहोरो श्रेस्ता प्रणालीको परिचय, गोश्वारा भौचर, बहिखाताहरु, \| सन्तुलन परीक्षण, आम्दानी तथा खर्च खाता, बासलात सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान र तयारी | १ | १० |
| ५. | सूचना प्रविधिः कार्यालय व्यवस्थापनमा कम्प्यूटर प्रणालीको आवश्यकता,महत्व, सूचना तथा तथ्याङ्कको विश्लेषण र व्यवस्थापन, इमेल, इन्टरनेट, टाइपिङ, प्रिन्टिङ कार्यको ज्ञान, विद्यालयमा प्रयोग गरिने साधारण सफटवेयर सम्बन्धी आधारभूत ज्ञान | १ | १० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६. | क. विद्यालय लेखाः सामुदायीक विद्यालयको तलबी माग फाराम, त भरपाईको तयारी, नागरिक लगानी कोष तथा कर्मचारी संचयकोष सम्बन्धी जानकारी एवम् आवश्यक कागजात व्यवस्थापन, जिन्सी सामग्री लेखाङ्कन | | १० |
| | ख. एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) परिचय, आवश्यकता, प्रयोग तथा महत्व | | |
| ७. | क. कर प्रणालीः करको परिचय, प्रकार, शिक्षकको पारिश्रमिक करकट्टी सम्बन्धी ज्ञान, TDS सिप, स्थायी लेखा नम्बर (PAN) सम्बन्धी ज्ञान | २ | १० |
| | ख. समुदाय - विद्यालय सम्बन्धः विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी, अभिभावक, नागरिक समाज, स्थानीय तहसँग समवन्य | | |
| ८. | बजेट तथा लेखा परीक्षणः परिचय, महत्व, संघिय, प्रदेश तथा स्थानीय तहको बजेट सम्बन्धी समसामयिक जानकारी, विद्यालयको बजेट तयारी सम्बन्धी ज्ञान, सामाजिक लेखा परीक्षणको उद्देश्य तथा महत्व तथा अन्तिम लेखा परीक्षण सम्बन्धी ज्ञान | १ | १० |
| ९. | क. संविधान, ऐन तथा नियमहरुः नेपालको संविधानमा शिक्षा सम्बन्धी व्यवस्था, शिक्षा ऐन तथा नियमावली संशोधन सहित, | | |
| | ख. अन्य ऐन तथा नियमहरुः स्थानीय सरकार संचालन ऐन २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था, भोक्राहा नरसिंह गाउँपालिकाको शिक्षा ऐनमा भएका व्यवस्थाहरु | २ | १० |
| १०. | परीक्षा तथा मूल्याङ्कनः प्रश्नपत्र निर्माण, विशिष्टीकरण तालिका, अक्षराङ्कन पद्धति, नतिजा प्रकाशन तथा विश्लेषण | १ | १० |

## कम्प्युटर सीप परीक्षणको पाठ्यक्रम

| विषय | पूर्णाङ्क | परीक्षा | विषयवस्तु शीर्षक | अङ्क | समय |
|---|---|---|---|---|---|
| कम्प्युटर दक्षता परीक्षण | १५ | प्रयोगात्मक | Typing Devanagari | ५ | ५ मिनेट |
| | | | English Typing | ५ | ५ मिनेट |
| | | | Word processing | २ | ५ मिनेट |
| | | | Electronic Spreadsheet | १ | |
| | | | Presentation System | १ | |
| | | | Windows Basic, Email & Internet | १ | |
| जम्मा | | | | १५ | १५ |

प्रमाणीकरण मितिः-२०८०/०२/१९

आज्ञाले

............

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत